यस हिमालयन डिष्टिलरी लिमिटेडको मिति २०७५ साल कार्तिक १४ गते बसेको संचालक समितिको बैठकको निर्णयानुसार कम्पनीको **अठारौं बार्षिक साधारण सभा** निम्न मिति,समय र स्थानमा सम्पन्न भयो । सभाको सूचना, ब्रिषय सूचि, उपस्थिती, गणपुरक संख्या, बैधानिकता, सभाको सभापतित्व, सभा संचालन तथा संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन प्रस्तुति, छलफलमा सहभागिता र सभाका निर्णयहरु समेतको बिवरण निम्नानुसार रहेको छ ।

**(क) सभा भएको स्थान, मिति र समय :**

(१) स्थान :कम्पनीको रजिष्ट्र्ड कार्यालय, लिपनिविर्ता, पर्सा ।

(२) मिति : वि.सं. २०७५ साल पौष २५ गते, वुधवार (तदनुसार ०९ जनवरी, सन् २०१९)

(३) समय :विहान १०:०० बजे ।

**(ख) सभा सम्बन्धि सूचना :**

(१) कम्पनी ऐन २०६३ को दफा ६७ (२) को कानूनी प्रावधान बमोजिम सभा हुने ठाउं, मिति, सभा सुरु हुने समय र छलफलका बिषयहरु उल्लेख गरि सम्पूर्ण शेयरधनीहरुलाई कम्पनीको साधारण सभाको जानकारी होस् भन्ने हेतुले मिति २०७५ साल मंसिर २४(चौविस) र २०७५साल मंसिर २५ (पच्चिस) गतेको राजधानी राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरि सूचित गरिएको थियो ।

(२) यसै गरि कम्पनी ऐन २०६३ को दफा ६७(२) को प्राबधान बमोजिम अठारौं वार्षिक साधारण सभा हुनु भन्दा २१ दिन अगावै शेयरधनीहरुले उपलब्ध गराएको ठाँऊ ठेगानामा साधारण सभा हुने स्थान, मिति, समय र छलफलको बिषय सूचीहरु खोली हुलाक/कुरियर्स मार्फत कम्पनीका सम्पूर्ण शेयरधनीहरुलाई मिति २०७५ पौष २ (दुई) गते कम्पनीको आ.व.२०७४।०७५ को आय विवरण लगायत साधारण सभामा प्रस्तुत गरिएका छलफलका विषय सूची विवरणहरु उल्लेख भएको वार्षिक विवरण पठाईएको थियो ।

(३) यसै गरी कम्पनीले कम्पनी ऐन २०६३ को दफा ७८ बमोजिमको विवरणलाई ऐनको प्रावधान बमोजिम मिति २०७५/०८/२३ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा पठाईएको थियो ।

(४) साधारण सभा हुनु भन्दा २१ दिन अगावै अर्थात २०७५/०८/२३ नेपाल स्टक एक्सचेन्ज लिमिटेड र नेपाल धितो पत्र वोर्डमा समेत साधारण सभाको जानकारी वार्षिक प्रतिवेदन सहित गराईएको थियो ।

**(ग) साधारण सभामा छलफलका लागी प्रस्तुत विषयहरु :**

**१. संचालक समितिको तर्फबाट साधारण सभामा पेश हुने अध्यक्षको प्रतिवेदनलाई पारित गर्ने ।**

**२. कम्पनीको आ.ब.२०७४/०७५ को वासलात,नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाव सहितको लेखा परीक्षण प्रतिवेदनलाई स्विकृत गर्ने ।**

**३. संचालक समितिले सिफारिस गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई नगद लाभांसमा लाग्ने कर समेत प्रति शेयर रु.२१।०५ का दरले नगद लाभांस वितरण गर्न स्विकृत गर्ने ।**

४. आ.व. २०७५/०७६ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा संचालक समितिबाट सिफारिस भई आएका एन.अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्टस्लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका एन.अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्टस् नियुक्तीका लागि योग्य हुनुहुन्छ) ।

५.हिमालयन डिष्टिलरी लिमिटेड र रोलिङ्ग रिभर डिष्टिलर्स वीच भएको कम्पनीको नाममा दर्ता कायम रहेको ट्रेडमार्क प्रयोग गर्ने सम्वन्धि सम्झौतालाई स्विकृत गर्ने

विषेश प्रस्ताव :

६. आ.व.२०७५।०७६ को लागि कम्पनी ऐन २०६३ को दफा १०५(ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृतीका लागि विषेश प्रस्ताव पारित गर्ने ।

७. बिविध ।

(घ) उपस्थीती :

(१) कम्पनीको अठारौं वार्षिक साधारण सभामा संचालक समितिका सदस्यहरुको उपस्थीती :

| | | |
|---|---|---|
| (क) | श्री अखिलेश्वर प्रसाद सिंह | अध्यक्ष |
| (ग) | श्रीमती रहिशा शाह श्रेष्ठ | संचालक |
| (घ) | श्री शंकर राज पाण्डे | संचालक |

(२) सभामा उपस्थित हुन पाउने शेयर संख्या र स्वयं वा प्रतिनिधी मार्फत उपस्थित शेयरधनी तथा संचालकहरुको संख्या र उपस्थितीको प्रतिशत:

(क) कुल सभामा भाग लिन पाउने शेयर संख्या : ३८,५६,४५५ कित्ता ।

(ख) स्वयं वा प्रतिनिधि मार्फत उपस्थित शेयरधनी संख्या : (स्वंय ४ जना, प्रतिनिधि मार्फत १० जना गरि जम्मा १४ जना)

(ग) जम्मा उपस्थित शेयर कित्ता संख्या : ३६,८७,८४५ कित्ता ।

(घ) जम्मा अनुपस्थित शेयर कित्ता शंख्या : १,६८,६१० कित्ता ।

(ङ) सभामा उपस्थिति रहेको शेयर शंख्याको प्रतिशत : ९५.६२ प्रतिशत ।

(च) सभामा अनुपस्थिति रहेको शेयर शंख्याको प्रतिशत : ४.३८ प्रतिशत ।

(ङ) सभाको बैधानिकता :

कम्पनी ऐन २०६३ को दफा ६७(२) बमोजिम सभा हुने ठाऊ, मिति, समय र छलफल गर्ने विषय खोलि सबै शेयरधनीहरुलाई सूचना पठाईएको एवं राष्ट्रिय दैनिक पत्रिकामा दुई पटक सूचना प्रकाशित गरि शेयरधनीहरुलाई सूचित गरिएको साथै कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम सभा संचालनका लागी वााडफर्ाड भएको कूल शेयर शंख्याको न्यूनतम ५० प्रतिशत भन्दा वढि शेयरको प्रतिनिधित्व हुने

गरी कुल शेयरधनीहरु मध्ये ३(तीन) जना स्वयं वा आफनो प्रतिनिधी मार्फत उपस्थित हुनु पर्नेमा सो अनुसारको गणपुरक संख्या र उपस्थिती आजको यस साधारण सभामा भएको पाईएकाले उपस्थित शेयरधनीहरुले प्रस्तुत बार्षिक साधारण सभा कम्पनी ऐन २०६३ र कम्पनीको नियमावलीको नियम १३ (ग) बमोजिम कम्तीमा ७ जना शेयरवाला वा निजका प्रतिनिधी उपस्थिती हुने पर्नेमा ७ जना भन्दा वढिको उपस्थिती भएको र उपस्थित शेयर संख्याको प्रतिशत ९५.६२ भएकाले गणपुरक संख्या पुगेको यकिन भई सभाको वैधानिकता यकिन गरियो । तत् पश्चात पूर्व सूचित छलफलका विषयहरु उपर छलफल तथा निर्णयका लागि सभाको आरम्भ गरियो ।

**(च) संचालक समितीको तर्फबाट सभामा पेश भएको अध्यक्षको प्रतिवेदन र सो प्रतिवेदनलाई सभा समक्ष प्रस्तुति :**

कम्पनी ऐन २०६३ को दफा ७४ को प्रवाधान अनुसार शेयरधनी एवं यस कम्पनीका संचालक समितिका अध्यक्ष श्री अखिलेश्वर प्रसाद सिंह ज्यूले अध्यक्षता ग्रहण गर्नु भयो । सभाध्यक्षले कम्पनीको अठारौं वार्षिक साधारण सभामा सहभागी हुन आउनु भएका शेयरधनी तथा संचालक सदस्यहरुलाई स्वागत गर्दै साधारण सभाको बिषय सूचिको प्रस्ताव नं. १ मा उल्लेखित संचालक समितिको तर्फबाट सभामा पेश भएको अध्यक्षको प्रतिवेदनलाई सभामा वाचन गर्नु भयो ।

**(छ) छलफलको लागि आव्हान :**

(१)प्रतिवेदन प्रस्तुत गरे पश्चात उपस्थित शेयरधनी महानुभावहरुलाई यस सभाको वार्षिक प्रतिवेदन उपर जिज्ञासाहरु भए प्रस्तुत गर्न अनुरोध गर्दै साधारण सभाको सम्पुर्ण बिषय सूचिहरु उपर आवश्यक छलफल र विचार विमर्शको लागि सभा अध्यक्षले आव्हान गर्नु भयो ।

(२)कम्पनीको आर्थिक बर्ष २०७४/०७५ मा भएको काम कारवाही, समस्या एवं चुनौतिहरु र व्यवस्थापनबाट कम्पनीको स्तरोन्नतीको लागि भईरहेको कार्यहरुको बिवरण उल्लेख गर्दै आर्थिक बर्ष २०७४/७५ मा रु.२९,३४,८६,७८८/- (अक्षरुपी उन्नातीस करोड चौतिस लाख छयासी हजार सात सय अठासी मात्र) आयकर पछिको खुद मुनाफा आर्जन गर्न सफल भएको जानकारी शेयरधनीहरुलाई गराईयो । कम्पनीको मुनाफा गत वर्ष भन्दा वढ्न गएको जानकारी गराउदै संचालक समितिका तर्फबाट प्रस्तुत अध्यक्षको प्रतिवेदनमा केहि जिज्ञासा, कैफियतहरु भएमा राख्नका लागि उपस्थित शेयरधनीहरुलाई आग्रह गरियो ।

कम्पनीको आर्थिक वर्ष २०७४।०७५ को आय व्याय विवरणमा संचित मुनाफा ४०,९०,०३,२०१।०० (चालिस करोड नब्बे लाख तीन हजार दुई सय एक मात्र) रहेको अवस्थामा उक्त रकमलाई उपयोग गरी कारखानाको स्तरोन्नती गर्नु पर्ने तथा वजारमा प्रधिस्पर्धात्मक रुपमा जानु पर्ने आवश्यक्ता भएमा र लगानीकर्ताहरुलाई अधिकतम प्रतिफल उपलब्ध गराउनका लागि कार्य गर्नु पर्ने विषयमा गंभिर भई कार्य गर्न संचालक समितिलाई यस सभाबाट सुभाव दिईयो ।

हिमालयन डिष्टलरी लिमिटेड पर्सा नेपाल

(ज) सभाका निर्णयहरु :

निर्णय नं.१:- **संचालक समितिको तर्फबाट साधारण सभामा पेश भएको अध्यक्षको प्रतिवेदनलाई पारित गर्ने:-** विस्तृत छलफल पश्चात यस कम्पनीको अठारौं वार्षिक साधारण सभामा संचालक समितिको तर्फबाट पेश भएको अध्यक्षको प्रतिवेदनलाई पारित गरियोस भनि राखिएको प्रस्तावलाई सभाबाट सर्व सम्मतिले पारित गरियो ।

निर्णय नं.२:-**कम्पनीको आ.ब.२०७४/०७५ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाव सहितको लेखा परीक्षण प्रतिवेदन स्वीकृत गर्ने:-** सभामा छलफलका लागि प्रस्तुत गरिएको आ.व.२०७४/०७५ को वासलात, नाफा–नोक्सान हिसाब र नगद प्रवाह हिसाव सहितको लेखा परीक्षण प्रतिवेदन स्विकृतका लागि प्रस्ताव गर्दा सभामा उपस्थित सम्पूर्ण शेयरधनी सदस्यहरुबाट सर्व सम्मत रुपमा स्विकृत भएको घोषणा गरियो । साथै यस कम्पनीको सहायक कम्पनी हिमालयन मल्टी एग्रो लिमिटेड नामको कम्पनी दर्ता भएको, दर्ता पश्चात उद्धेश्य अनुसारको कार्य यस आ.व.मा नभएको हुनाले ऐन, नियम अनुसार तयार गरिएको आ.व.२०७४।०७५ को आय व्याय विवरणलाई सभामा उपस्थित शेयधनीहरुको जानकारीको लागि राखिएको अवगत गराईयो । साथै आगामी वर्षमा हिमालयन मल्टी एग्रो लि.ले उद्धेश्य अनुसार कार्य गर्दै जानका लागि स्रोतहरु जुटाउने जानकारी गराईयो ।

निर्णय नं.३:-**संचालक समितिले सिफारिस गरे अनुसार कम्पनीका शेयरधनीहरुलाई नगद लाभांसमा लाग्ने कर समेत प्रति शेयर रु.२१।०५ (अक्षरुपी एकाईस रुपैया पांच पैसा) मात्र का दरले नगद लाभांस वितरण गर्न स्विकृत गर्ने :-** कम्पनीले आ.व.२०७४।०७५ मा आर्जन गरेको मुनाफा र कम्पनीको वासलातमा देखिएको Retained Earning समेतबाट (नगद लाभांसमा लाग्ने कर समेत) प्रति शेयर रु.२१।०५ का दरले नगद लाभांस वितरण गर्न संचालक समितिले सिफारिस गरेकोले सो सिफारिसलाई स्विकृत गरियोस् भनी राखेको प्रस्तावलाई सर्व सम्मतबाट पारित गरियो ।

निर्णय नं. ४:-**आ.व. २०७५/०७६ का लागि लेखा परीक्षकको नियुक्तिका सम्वन्धमा संचालक समितिबाट सिफारिस भई आएका एन.अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्टस्लाई नियुक्ती गरी निजको पारिश्रमिक निर्धारण गर्ने (सिफारिस भएका एन.अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्टस् नियुक्तीका लागि योग्य हुनु हुन्छ) :-** कम्पनी ऐन २०६३ को दफा १११(३) को प्रावधानलाई दृष्टिगत गर्दा कम्पनीको लेखा परीक्षणको कार्यका साविकमा सिफारिस भएका श्री जि.पि.राजबहाक एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्टस् आ.व. २०७५/०७६ का लागि नियुक्ती गर्न कानूनतः नमिल्ने देखिएकोले एन.अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउटेण्डसलाई वार्षिक पारिश्रमिक रु.३,००,०००।०० (अक्षरुपी तीन लाख) निर्धारण गर्ने गरि नियुक्ती गर्ने सिफारिस भए अनुसार निज एन. अमात्य एण्ड कम्पनी, चार्टण्ड एकाउण्टेण्ट्सलाई आ.व.२०७५।०७६ का लागि नियुक्ती गर्ने निर्णय सर्व सम्मतीले गरियो ।

हिमालयन डिस्टलरी लिमिटेड पर्सा नेपाल

निर्णय नं: ५ हिमालयन डिष्टिलरी लिमिटेड र रोलिङ्ग रिभर डिष्टिलर्स वीच भएको कम्पनीको नाममा दर्ता कायम रहेको ट्रेडमार्क प्रयोग गर्ने सम्वन्धि सम्झौतालाई स्विकृत गर्ने:-कम्पनी ऐन २०६३ को दफा ९३ मा उल्लेखीत प्रवधान बमोजिम कुनै पनि पब्लिक कम्पनीको वार्षिक साधारण सभाको स्विकृती विना आफनो कुनै संचालक वा निजको नजिकको नातेदार वा आधारभूत शेयरधनी वा आफनो **मुख्य कम्पनीको साधारण सभाको स्विकृती विना सहायक कम्पनीले मूख्य कम्पनीको संचालक वा निजको नजिकको नातेदार वा आधारभूत शेयरधनीसंग अर्थ पूर्ण कारोवार गर्न सक्ने छैन** भन्ने स्पष्ट प्रावधान रहेको व्यहोरा सभामा सदा झै अवगत गराईयो । उल्लेखित कम्पनीका एकल संचालक यस हिमालयन डिष्टिलरी लिमिटेडका संचालक समितिका सदस्य श्रीमती रहिशा शाह श्रेष्ठका शसुरा हुनु रहनु भएको । उहांको एकल स्वामित्वमा स्थापना भएको रोलिङ्ग रिभर डिष्टिलर्स प्रा.लि.बाट हिमालयन डिष्टिलरी लिमिटेडको नाममा दर्ता कायम भएको Golden Oak नामक ट्रेडमार्क प्रयोग गरी उत्पादन तथा विक्री वितरण समेत गर्ने गरि सम्झौता सम्पन्न भएको यस साधारण सभामा जानकारी गराईयो । उल्लेखित कम्पनीसंग सम्पन्न सम्झौता अनुसार हुने कारोवार अर्थपूर्ण कारोवार हुने भएकाले ऐनको प्रावधान बमोजिम साधारण सभाको स्विकृतका लागि छलफलका विषय सूचीमा समावेश गरिएको सभामा अवगत गराईयो । साथै कम्पनी ऐन २०६३ को दफा ७० (१) र (२) को प्रावधान बमोजिम आफू र कम्पनीको विचमा भएको वा हुने कुनै शर्त बन्देजको सम्वन्धमा हुने छलफलमा कुनै व्यक्तिले शेयरधनीको हैसियतबाट आफै वा आफ्नो प्रतिनिधीद्धारा भाग लिन र मतदान गर्न पाउने छैन र कुनै संचालकको आफनो सरोकार वा स्वार्थ भएको कुनै सम्झौता, करार वा ठेक्का पट्टाका सम्वन्धमा साधारण सभामा हुने छ्फलमा उक्त संचालक वा निजको हिस्सेदार वा प्रतिनिधिले मतदान गर्न पाउने छैन भनी किटानीका साथ स्पष्ट व्यवस्था भएको हुदा सोही प्रावधानहरुलाई मध्यनजर गरी प्रस्तुत प्रस्तावमा कम्पनी कै हित र संचालनका तथा आर्थिक वृद्धि र स्तरोन्नतीको लागि उक्त प्रस्ताव छलफलमा पेश भएको भएता पनि भविश्यमा कुनै पनि प्रकारको विवाद, वखेडा वा कम्पनीलाई वाधा अवरोध नहोस् भनी कम्पनी कै हितको लागि संचालक समितिका सदस्यका प्रतिनिधि र अन्य सरोकारवाला शेयरधनीका प्रतिनिधीले उक्त छलफलमा सरिक नभएको । उहांहरु वाहेक सभामा उपस्थित हुनु भएका अन्य शेयरधनी तथा संचालकहरुले मात्र प्रस्तुत छलफलमा भाग लिई मतदान गरी संचालक समितिले हिमालयन डिष्टिलरी लिमिटेडले उत्पादन गरेका **Golden Oak** नामक मदिराको कायम गुणस्तर र प्याकेजिङ्गमा फरक नपर्ने गरी साथै हालको वोतलिङ्ग लागत भन्दा वढि नहुने गरी रोलिङ्ग रिभर डिष्टिलर्स प्रा.लि. वीच भएको 1st June 2018 को सम्झौतालाई सर्व सम्मतबाट स्विकृत गर्ने निर्णय समेत गरियो ।

विषेश प्रस्ताव:

निर्णय नं.६:-आ.व.२०७५।०७६ को लागि कम्पनी ऐन २०६३ को दफा १०५ (ग) ले व्यवस्था गरे भन्दा वढिको खर्चलाई पूर्व स्विकृती गर्ने वारे : कम्पनी ऐन २०६३ को दफा १०५ को उपदफा १ को देहाय ग. ले व्यवस्था गरेको जम्मा रु.५०,०००।०० (पचास हजार) मात्र



हिमालयन डिष्टलरी लिमिटेड पर्सा नेपाल

को सिमा भित्र रहेर कम्पनीले गर्ने चन्दा, अनुदान, दान जस्ता शिर्षकका खर्च गर्न सम्भव नहुने भएको हुनाले कम्पनीले वार्षिक रुपमा गर्ने चन्दा, अनुदान वा दान वापत हुने खर्च यस भन्दा पहिलेका वर्षहरु: आ.व.२०७०।०७१ मा रु.१०,१६,०३८।०० र आ.व. २०७१।०७२ मा रु.३,२७,११४।००,आ.व.२०७२।०७३ मा रु.३,६८,५००।००, आ.व. २०७३।०७४ मा रु. ६,८८,०८७।०० र आ.व. २०७४।०७५ मा रु. ५,४७,०००।०० वास्तविक खर्च भएको रेकर्डबाट देखिन आएको छ । उक्त शिर्षकमा हुने खर्च कहिले वढ्ने कहिले कम हुन जाने भएकाले यस शिर्षकमा आ.व.२०७५।०७६ का लागि रु.१५,००,०००।-(अक्षरुपी पन्ध्र लाख) सम्म भएको खर्चलाई संचालक समितिको सिफारिस समेत भएकाले पूर्व स्विकृती उपलब्ध गराउनका लागि यस सभामा प्रस्ताव आएको हुनाले पूर्व स्विकृतीको लागि सिफारिस गरेको रकम समय परीस्थिती अनुसार उपयुक्त नै देखिएकाले उल्लेखित शिर्षक अन्तर्गत हुने खर्चको सिमा रु.१५,००,०००।०० (अक्षरुपी पन्ध्र लाख) मात्र सम्मलाई पूर्व स्विकृत गर्ने बिषेश प्रस्तावलाई स्विकृत गर्ने निर्णय सर्व सम्मतिले गरियो ।

अन्तिममा विविध विषयहरुमा कुनै पनि जिज्ञासाहरु प्राप्त भएको जानकारी यस सभा समक्ष नआएकोले सभाअध्यक्षले उपस्थित सम्पूर्ण शेयरधनीहरु,आगन्तुक पाहुनाहरु, कम्पनीका पूर्व अध्यक्ष र प्रवन्ध संचालक, सुरक्षा निकायका प्रतिनिधिहरु, पत्राकारहरु र कम्पनीमा काम गर्ने कर्मचारीहरु तथा कामदारहरुलाई सभामा सहभागी हुनु भएकोमा धन्यवाद ज्ञापन गर्दै र पूर्व संचालक सदस्यहरुबाट सदैव सहयोग र सुझावहरुको अपेक्षा गर्दै आजको सभा विर्षजन गर्नु भई सवै आगन्तुकहरुलाई कम्पनीले आयोजना गरेको जलपानमा सहभागी हुनका लागि अनुरोध गर्नु भयो ।

अखिलेश्वर प्रसाद सिंह
सभाध्याक्ष
मितिः २०७५।०९।२५
कम्पनीको छापः

नेत्र प्रसाद तिम्सीना
कम्पनी सचिव
मितिः २०७५।०९।२५